# अन्नपूर्ण गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः १०  संख्याः १,  मितिः २०८३ साल जेठ ०५ गते

**भाग -२**

## अन्नपूर्ण गाउँपालिका व्यवसाय कर व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८३

**गाउँ कार्यपालिकाको बैठकबाट पारित मिति : २०८३/०१/२८**

प्रस्तावना:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुन बमोजिम यस अन्नपूर्ण गाउँपालिका व्यवसाय कर व्यवस्थापन कार्यविधि २०८१ लाई समयानुकूल बनाउन बान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा अन्नपूर्ण गाउँपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी अन्नपूर्ण गाउँपालिका गाँउ कार्यपालिकाको बैठकले यो कार्यविधि देहाय बमोजिम संशोधन गरी जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "अन्नपूर्ण गाउँपालिका व्यवसाय कर व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८३" रहने छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. दफा ८ को उपदफा २ मा संसोधन

मूल कार्यविधिको दफा ८ को उपदफा २ मा रहेको "३५ दिनभित्र" भन्ने शब्दहरुको सट्टा "७ दिनभित्र" कायम गरिएको छ।

३. दफा ८ को उपदफा ३ मा संसोधन

मूल कार्यविधिको दफा ८ को उपदफा ३ मा रहेको “१५ दिनभित्र” भन्ने शब्दहरुको सट्टा “३ दिनभित्र” कायम गरिएको छ।

४. दफा १५ को उपदफा ३ मा संसोधन

मूल कार्यविधिको दफा १५ को उपदफा ३ मा रहेको “सम्बन्धित वडा कार्यालयमा” भन्ने शब्दहरुको सट्टा “सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूची ६ (क) बमोजिम गाउँपालिका कार्यालयमा” कायम गरिएको छ।

५. दफा १७ को उपदफा ४ मा संसोधन

मूल कार्यविधिको दफा १७ को उपदफा ४ मा रहेको “वडा कार्यालयको” भन्ने शब्दहरुको सट्टा “गाउँपालिकाको कर एकाईले” कायम गरिएको छ।

त्यस्तै सोहि उपदफाको “आवस्यक जाँचबुझ गरि” भन्ने शब्दहरुको पछाडी रहेको वाक्यांशको सट्टा “अनुसूची ६ (ख) बमोजिमको सूचना प्रकाशन गरि कुनै दाबी बिरोध नभएमा अनुसूची ६ (ग) बमोजिमको सनाखत गराई चालु आर्थिक वर्षसम्मको कर रकम असूल गरी व्यवसाय खारेजीको लागि कर अधिकृत समक्ष  सिफारिस सहित पेश गर्नुपर्ने छ ।” कायम गरिएको छ।

६. दफा १७ को उपदफा ५ मा संशोधन

मूल कार्यविधिको दफा १७ को उपदफा ५ मा रहेको “उपदफा ४ बमोजिम” भन्ने शब्दहरुको पछाडी रहेको वाक्यांशको सट्टा “ सिफारिस भै आएपछि कर अधिकृतले कागजात अध्ययन गरी व्यवसाय दर्ता खारेजी गरिदिने छ ।” कायम गरिएको छ।

७. दफा १७ को उपदफा ५ (क) मा थप

मूल कार्यविधिको दफा १७ को उपदफा ५ (क) मा "कर एकाईले उपदफा (५) बमोजिम दर्ता खारेजी भएको व्यवसायको लगत कट्टा बापत आर्थिक ऐनमा तोकिएको दस्तुर लिई लगत कट्टा गरी सोको जानकारी सम्बन्धित वडा कार्यालय, व्यबसायी र सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयलाई दिनुपर्नेछ। " थप गरिएको छ।

८. खारेजी तथा बचाउ

यसअघि अन्नपूर्ण गाउँपालिका व्यवसाय कर व्यवस्थापन कार्यविधि २०८१ बमोजिम भएका कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

अनुसूची ६ (क)

(दफा १७ को उपदफा ३ सँग सम्बन्धित)

व्यवसाय दर्ता खारेजी निवेदनको ढाँचा

मिति: ........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माछापोखरी, कास्की।

विषय: व्यवसाय दर्ता खारेजी सम्बन्धमा।

महोदय,

मैले यस गाउँपालिकामा दर्ता गरेको तल उल्लेखित व्यवसाय हाल सञ्चालनमा नरहेको हुँदा प्रचलित कानून बमोजिम व्यवसाय दर्ता खारेज गरि आवश्यक प्रमाण उपलब्ध गराईपाउँ भनि वडा कार्यालयको शिफारिस र सक्कल व्यवसाय दर्ता प्रमाणपत्र यसै साथ संलग्न राखि निबेदन गर्दछु।

व्यवसायको विवरण:

- व्यवसायीको नाम: ................................
- व्यवसाय/फर्मको नाम: ................................
- दर्ता नं.: ................................
- दर्ता मिति: ................................
- व्यवसायको ठेगाना: ................................
- व्यवसायको प्रकार: ................................

निवेदकको

हस्ताक्षरः....................

नामः..........................

ठेगानाः.........................

सम्पर्क नं.: ......................

अनुसूची ६ (ख)

(दफा १७ को उपदफा ४ सँग सम्बन्धित)

व्यवसाय दर्ता खारेजी सम्बन्धी सूचनाको ढाँचा

अन्नपूर्ण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

माछापोखरी, कास्की

व्यवसाय खारेजी सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: ........................

यस कार्यालयमा दर्ता भई सञ्चालनमा रहेको देहाय बमोजिमको व्यवसाय सम्बन्धित व्यवसायीको निवेदन अनुसार खारेजी प्रक्रियामा रहेको हुँदा कसैको हकदाबी, लेनदेन वा खारेज गर्नुनपर्ने कारण भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालयमा प्रमाणसहित निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**व्यवसायको विवरण:**

- व्यवसायीको नाम: ................................
- फर्म/व्यवसायको नाम: ................................
- दर्ता नं.: ................................
- व्यवसाय ठेगाना: ................................
- व्यवसायको प्रकार: ................................

तोकिएको म्यादभित्र कुनै उजुरी वा दाबी पर्न नआएमा प्रचलित कानून बमोजिम व्यवसाय दर्ता खारेजी गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

................................

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ६ (ग)

(दफा १७ को उपदफा ४ सँग सम्बन्धित)

निवेदकले कार्यालयको रोहबरमा गर्नुपर्ने कबुलियतनामाको ढाँचा

निवेदकले कार्यालयको रोहवरमा गर्नुपर्ने

**कबुलियतनामा**

मिति ............. मा त्यस कार्यालयबाट मेरो नाममा दर्ता भएको .......... नामको व्यवसायको दर्ता खारेजीको लागि मिति ...................... मा निवेदन पेश गरेको व्यहोरा ठीक साँचो हो भनी सनाखत गरिदिए। यस व्यवसायको नामबाट कोहि कसैलाई कुनै किसिमको तिर्नु बुझाउनु पर्ने दायित्व बाँकी छैन। कथंकदाचित तिर्न बुझाउन बाँकी देखिएमा मेरो हकको दायित्व जतिमा प्रचलित कानून वमोजिम बहन गरी तिर्ने बुझाउने छु भनी मेरो राजीखुशीले यो कबुलियतनामा कागजमा गाउँपालिकाको कार्यालयमा उपस्थित भै सहिछाप गरिदिएको छु।

**कबुलियतनामा गर्ने निवेदक**

| क.सं. | नाम, घर र ठेगाना | हस्ताक्षर | |
|---|---|---|---|
| | | लेखात्मक | रेखात्मक |
| १ | | | |

**रोहवरः**

१. अधिकृत कर्मचारीको नामः

२. दस्तखतः

**कबुलियतनामा गराउनेको:**

१. कर्मचारीको नामः

२. दस्तखतः

**इति सम्बत् ................... साल ............... महिना ....... गते रोज ................. शुभम्।**

**प्रमाणिकरण मितिः २०८३/०२/०५**

**राजपत्रमा प्रकाशन मितिः २०८३/०२/०५**

**आज्ञाले,**
**चिरन्जीवी बराल**
**प्रमुख प्रशासकीय अधिकृत**